Shree Shadananada Campus
SMC Journal
***Article History:*** *Received date: December 30, 2025; Accepted date: February 1, 2026*
DOI: https://doi.org/10.3126/smcjsmc.v2i01.91632

# मणिराज सिंहको कवित्त्व

**सविन लम्साल**
श्री षडानन्द बहुमुखी क्याम्पस

**लेखकबारे**

सविन लम्साल (ORCID : 0009-0008-0326-6994) षडानन्द बहुमसखी क्याम्पसमा आंशिक शिक्षकको रुपमा संलग्न हुनुहुन्छ । साथै उहाँ श्री अरुण मा.वि. दिङ्ला भोजपुरमा सहायक प्रधानाध्यापकका रूपमा कार्यरत हुनुहुन्छ ।

यस लेखको बारेमा थप केही कुरा बुझ्नु परेमा निजको इमेल ठेगानामा सम्पर्क गर्न सकिनेछ ।
Email: lamsalsabin@gmail.com

**लेखसार**

प्रस्तुत अध्ययनमा कवि मणिराज सिंहको कविता यात्रा र काव्य प्रवृत्तिको अध्ययन गरिएको छ । यस अध्ययनमा कवि मणिराज सिंहको कविता यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । सिंहका प्रकाशित कविता संग्रहका आधारमा काव्यगत प्रवृत्तिहरूको निरुपण गरिएको छ सिंहका कविता कृतिहरूमा मूलरूपमा देशप्रेम, दार्शनिक चिन्तन, राजनीतिक चिन्तन, प्रकृति चित्रण, व्यङ्ग्यात्मक प्रस्तुति, शृङ्गारिकता आदि प्रवृत्तिहरू रहेका छन् । देशभित्र र बाहिरबाट भइरहेका विभिन्न गतिविधिहरू यिनका कवितामा प्रस्तुत भएका छन् । राम्रा र नराम्रा कुराहरूको चित्रण गर्दै नराम्रो पक्षलाई त्यागेर राम्रो पक्षमा लाग्नु पर्छ भन्ने उपदेशात्मक भाव पनि सिंहका कविताहरूमा व्यक्त भएको छ । विभिन्न मोडहरू पार गर्दै समसामयिक कालखण्डमा नेपाली कविताको क्षेत्रमा निरन्तर क्रियाशील मणिराज सिंहको कवित्व प्रौढ बनेको देखिन्छ । उनी सशक्त र अग्रपङ्क्तिका कविका रूपमा स्थापित भएका छन् । यसरी मणिराज सिंह कविताका माध्यमबाट गाउँ, सहर, देशविदेश, राजनीति, धर्म, दर्शन, प्रेमप्रणय र समसामयिक विषय तथा विभिन्न परिवेशको चित्रण गर्दै सुन्दर, शान्त र समृद्ध समाजका साथै राष्ट्र निर्माणमा पनि सशक्त रूपले लागिपरेका देखिन्छन् । नेपाली साहित्यको कविता विधामा सिंहको योगदान उल्लेख्य रहेको निष्कर्ष यस अध्ययनले निकालेको छ ।

***शब्दकुञ्जी:*** अस्तित्वहीन, क्रियाशील, परिवर्तनगामी, मोक्ष

# मणिराज सिंहको कवित्त्व

### विषय प्रवेश

मणिराज सिंहको जन्म वि.सं. २०१५ साल भदौ २७ गते महोत्तरी जिल्लाको बसबिट्टी गा.वि.स. वडा नं. ५को बसबिट्टी गाउँमा भएको हो । स्नातक तहसम्मको औपचारिक शिक्षा हासिल गरेका सिंह हाल सेवानिवृत्त जीवन साहित्य सिर्जनामा बिताइरहेका छन् । उनी ज्योति साहित्य प्रतिष्ठानका संस्थापक अध्यक्ष हुन् साथै विनय रावल स्मृति प्रतिष्ठान लगायत अन्य सङ्घसंस्थाहरूमा समेत संलग्न रहेका छन् । सिंहले २०२८ सालमा हिमालय टायम्स साप्ताहिक पत्रिकामा 'नयाँ वर्षको शुभकामना' शीर्षकको कविता प्रकाशन गरी औपचारिक रूपमा साहित्य यात्राको थालनी गरेका हुन् । उनी कविता विधामा केन्द्रित रही आफ्नो सिर्जनात्मक कार्यलाई निरन्तर रूपमा अगाडि बढाउँदै आएका छन् । देशप्रेम, दार्शनिक चिन्तन, प्रकृति चित्रण, मानवतावादी भावना, राजनीतिक चिन्तन, व्यङ्ग्यात्मक प्रस्तुति, शृङ्गारिकता आदि मणिराज सिंहका मूलभूत काव्य प्रवृत्ति हुन् ।

चार दशक लामो साहित्य यात्रा पार गरिसकेका मणिराज सिंहका पाँच वटा एकल कविता सङ्ग्रह र एउटा संयुक्त कविता सङ्ग्रह समेत जम्मा छ वटा कविता सङ्ग्रहहरू प्रकाशित छन् । अक्षर, खुर्पा र खुकुरीहरू (२०६५), राजधानी छिरेपछि (२०६६), तिम्रो सहरमा म (२०६७), ज्योतिका युगीन स्वरहरू (२०६७ संयुक्त), शब्दको चौतारीतिर फर्किएर (२०६९) र ओ चन्द्रमा (२०७१) सिंहका प्रकाशित कविता सङ्ग्रहहरू हुन् ।

### मणिराज सिंहको कवितायात्रा

सिंहका छ वटा कविता सङ्ग्रहको अध्ययन गर्दा चरण विभाजन गर्न सकिने केही आधारहरू देखापर्दछन् । विषयवस्तुको छनोट, प्रवृत्ति परिवर्तन, परिष्कृत लेखन शैली, संरचना र सङ्गठन जस्ता विभिन्न आधारहरूलाई मध्यनजर गर्दा यिनको काव्य यात्रालाई दुई चरणमा विभाजन गर्न उपयुक्त हुन्छ, जसलाई निम्नानुसार देखाइएको छः

#### *पहिलो चरण (२०२८–२०६५)*

मणिराज सिंहको औपचारिक रूपमा कविता लेखनको सुरुवात 'नयाँ वर्षको शुभकामना' कविताबाट भएको देखिन्छ । हुनत उनी सानैदेखि कविता कोर्ने गर्थे । उनको भनाइ अनुसार 'लङ्गडो कुखुरो' उनले लेखेको पहिलो कविता हो । प्रकाशनलाई आधार मान्दा वि.सं. २०२८ सालमा हिमालय टायम्स साप्ताहिक पत्रिकामा प्रकाशन भएको 'नयाँ वर्षको शुभकामना' कविता नै उनको काव्य यात्राको उठान बिन्दु देखिन्छ । यसपछि उनका धेरै कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भए । उनले विभिन्न पत्रपत्रिकामा छरिएर रहेका कविताहरू सङ्कलन गरी अक्षर, खुर्पा र खुकुरीहरू (२०६५) कविता सङ्ग्रह प्रकाशन गरेका छन् । उनको यस कविता सङ्ग्रहलाई प्रथम चरणमै राख्नु पर्ने हुन्छ किनकि फुट्कर कवितामात्र लेखिरहेको कुनै कविले त्यही र त्यस्तै प्रवृत्तिका कविताहरू समेटेर सङ्ग्रह निकाल्दैमा चरण विभाजन गर्न मिल्दैन । चरण विभाजन गर्नलाई त कविको प्रवृत्तिगत, वैचारिक चिन्तन तथा काव्यधार परिवर्तन

हुनु पर्दछ । यसर्थ मणिराज सिंहको अक्षर, खुर्पा र खुकुरीहरू कविता सङ्ग्रहलाई पहिलो चरण अन्तर्गत नै राखेर अध्ययन गरिएको छ ।

यसरी कवि मणिराज सिंहको काव्य यात्राको पहिलोचरण कविता लेखनको सिकाइ र कविताको बुझाइसँगै कवि मनका भावहरू फुट्कर कविताहरू मार्फत विभिन्न पत्रपत्रिकाहरूमा छरिएको देखिन्छ । उनले २०६५ सालमा यसरी छरिएका कविताहरूको सङ्कलन गरी अक्षर, खुर्पा र खुकुरीहरू कविता सङ्ग्रह प्रकाशन गरेका छन् । तत्कालीन समाज, राजनीति, संस्कृति तथा विद्रोहको छाप उनका कविताहरूमा परेको देखिन्छ । 'के भनुँ कसलाई' कवितामा २०४७ सालको परिवर्तन पश्चातको तत्कालीन नेपालको अस्थिरता, आन्दोलन, जनताको पीडा आदिलाई समेटिएको देखिन्छ । यसरी सिंहको कविता प्रतीकात्मक रूपमा समाजको ऐना बनेर देश निर्माणमा लागेका छन् । यो उनको मुख्य काव्य प्रवृत्तिको रूपमा निरन्तर अगाडि बढ्छ । यसै सङ्ग्रहमा रहेको 'आत्मियता' कविता माया प्रेमसँग सम्बन्धित छ । मायाको बन्धनमा जोकोही पनि बाँधिएको हुन्छ । धेरैले मायामा धोका पनि पाएका हुन्छन् । यस्तै भाव यस कवितामा छ । मिलन पछिको बिछोड संसारको चक्र जिन्दगीको स्वाद सिंहको यस कवितामा पाइन्छ । त्यस्तै 'आज पनि उस्तै छ' कविता समानान्तर गतिमा बगेको परिवर्तनहीन नेपाली समाज, राजनीति र मान्छेको फोस्रो व्यस्तताको चित्रणका रूपमा आएको छ । 'आस्था रोपेर सगरमाथामा' कवितामा वीर नेपालीको गौरवशाली इतिहासको स्मरण गर्दै विगतका राजनीतिक परिवर्तनबाट पाठ सिक भन्दै कविले वर्तमानका शासकहरूलाई सचेत गराएका छन् । त्यस्तै 'सहिदको सम्झना' कवितामा कविले सहिदको सम्मान नभएको, परिवर्तनगामीहरू नै परिवर्तन भएको, हिजोको प्रतिज्ञा भुलेको र देश फेरी अनायकको हातमा परेको कुरा कवितामा दर्शाउँदै चिन्ता व्यक्त गरेका छन् । 'देशको मुटु दुःखिरहेछ' कवितामा सशस्त्र जनयुद्धबाट सन्त्रस्त नेपाली जनजीवनको चित्रण गरिएको छ र देशको दुर्दशा देखाइएको छ । सिंहका कविताहरूमा यस्तो समसामयिक चित्रण झल्केको पाइन्छ । तत्कालीन घटना, समाज, संस्कृति र परिवेशलाई टपक्क टिपेर कवितात्मक सौन्दर्यमा सजाउन खप्पिस सिंहका अधिकांश कविताहरूमा माटोको ममता तथा देशप्रेमको भाव झल्केको पाइन्छ ।

कवि सिंह उनका कवितामा सत्मार्गी देखिन्छन् । राम्रो पक्ष र नराम्रो पक्ष दुवैको चित्रण गर्दै निर्णयात्मक भूमिका उनले पाठकलाई छाडेको देखिन्छ । 'जिन्दगीका दुई पाटाहरू' कवितामा उनले फूल र काँडाको कथन मार्फत यस्तो भाव व्यक्त गरेका छन् । 'बाध्यता' शीर्षकको कवितामा मानवीय जनजीवका अनेकन मोडमा आइपर्ने दुःख सुख, मिलन बिछोड तथा खुशी आँसुयुक्त बाध्यात्मक परिस्थितिहरू झल्किएका छन् । सिंहको 'म, मेरो मन र मेरो ईश्वर' कवितामा दार्शनिक चिन्तन प्रस्तुत भएको देखिन्छ । म, मेरो मन र मेरो ईश्वर पदावलीले आध्यात्मिक दर्शनको सङ्केत गरेको छ । म र मेरो चाहना भन्दामाथि उठेर मेरो ईश्वर शून्यमा शून्यसरी निस्वार्थ भावले आत्मीय भएको छ भन्ने कविको आत्मस्वीकृति यस कवितामा दार्शनिक रूपमा आएको छ । 'दुई थोपा आँसु र एक मुट्ठी हाँसो' कविता पनि दार्शनिक चिन्तन युक्त छ । कविले यस कवितामा भनेका छन् :

> अन्तिम युद्ध जित्ने हो भने
> उपकार गर दीन दुःखीको ।
> (अक्षर, खुर्पा र खुकुरीहरू, 'दुई थोपा आँसु र...': पृ.१५) ।

यहाँ जीवनको अन्तिम युद्ध भनेको मृत्यु हो । पूर्वीय दर्शन अनुसार अन्तिम युद्ध जित्नु भनेको जन्म मृत्युको चक्रलाई जितेर मोक्ष प्राप्त गर्नु हो र मोक्ष प्राप्तिका लागि सत्मार्गमा लाग्नुपर्छ, दीन दुःखीको सेवा गर्नु पर्छ, परोपकारी हुनुपर्छ,

जीवन आँसु र हाँसोको सङ्गम हो। हामीले आँसु पुछेर दीन दुःखीको मुहारमा हाँसो छाउन सकेमा अन्तिम युद्ध जित्न सकिन्छ र आत्माले मुक्ति पाउँछ भन्ने दार्शनिक चिन्तन यस कवितामा आएको छ। 'म, पात र माटो' कवितामा कविले मानव जीवनलाई रुखको पातसँग तुलना गरेका छन्। पात जसरी रुखबाट झरेपछि त्यसको अस्तित्व समाप्त हुन्छ मानव जीवन पनि त्यस्तै अस्तित्वहीन छ। 'नदी र वगर' कविता प्रतीकात्मक छ। यस कवितामा नदी, बगर, बकुल्ला, छेपारो, माछा आदि कविकल्पित प्रतीकहरू आएका छन्। प्रतीक प्रयोगले कविता केही जटिल बन्ने गर्छन्। सिंहका कविता पनि यस दृष्टिले विश्लेष्य देखिन्छन्। 'नयाँ बिहानको स्वागत गरौं' कवितामा सिंहले सुन्दर, समृद्ध, सुशासनयुक्त, सिर्जनशील र स्वतन्त्र विहानको कल्पना गरेका छन्।

तिमी क्रन्ति र देश' सिंहको अर्को देशभक्तिपूर्ण कविता हो। यस कवितामा कविले दश वर्षको जनयुद्ध र बाह्र बुँदे शान्तिसम्झौता पछि जनताका मनमा पलाएको आशा, देश र शासकले लिने गति आदि व्यक्त भएको देखिन्छ। त्यस्तै 'घुम्ने मेचमाथि बस्ने अन्धाहरू हो सुन' कविताले निरङ्कुश बन्दै गएका शासकहरूलाई खबरदारी गरेको छ। 'यसपालिको दशैं कसरी बित्ने हो ?' कवितामा धेरै पहिले राजधानी छिरेको व्यक्ति आफ्नो परिवार सम्झेर घर फर्कन चाहन्छ तर देशको अवस्थाका कारण ऊ अन्योलमा परेको छ। दशैं मनाउन घरसम्म सहजै पुग्न सक्छु भन्ने आत्मविश्वास उसमा छैन। वि.सं. २०६४ सालमै मिर्मिरे पत्रिकामा प्रकाशित सिंहको 'अक्षर, खुर्पा र खुकुरीहरू' कविता २०६५ सालमा प्रकाशित उनको पहिलो कविता सङ्ग्रहको नाम बनेको छ। शीर्षक नै प्रतीकात्मक रहेको यो कविता देशको तत्कालीन अवस्थाको चित्रण सहित भावि मार्गको कल्पना गरी लेखिएको शक्तिशाली तथा गहन कविता हो। मणिराज सिंहले आफू बाँचेको युगलाई राम्ररी समातेका छन्। साँच्चै नै यस कविता सङ्ग्रहका कविताहरूमा तत्कालीन घटनाहरूको जीवन्त चित्रण पाइन्छ। सिंहका अधिकांश कविताहरूमा देशप्रेम झल्केको पाइन्छ:

> भविष्य त अनिश्चित छ, वर्तमान भन्दा पर
> कर्म गर मित्र, भविष्य तिम्रै हातमा छ
> जसले गर्यो काम, उसले पायो माम
> जसले गर्यो काम, उसले पायो नाम
> काम बेगर के नाम, नाम बेगर के माम।
> (अक्षर, खुर्पा र खुकुरीहरू, 'नखेल खेल...': पृ. १७)।

यस कवितांशमा कविले उपदेश दिएका छन्। सुनौलो भविष्यको बाटो देखाएका छन्। काम**,** माम र नामको महत्त्व वर्तमान र भविष्यसँग जोडेर कविले सरल भाषाशैलीमा उजागर पारेका छन्। 'कर्म गर फलको आशा नगर' भन्ने पूर्वीय चिन्तनबाट प्रभावित कविको यहाँ कर्म गर अनि मात्र फलको आशा गर भन्ने बिचार प्रस्तुत भएको देखिन्छ।

यस प्रकार मणिराज सिंहको कविता यात्राको पहिलो चरणमा फुट्कर कविताको लेखन तथा प्रकाशनका साथै एउटा कविता सङ्ग्रह पनि प्रकाशन भएको छ। यस चरणका कविताहरू प्राय समसामयिक नै देखिन्छन्। देशप्रेम सिंहको मूल काव्यप्रवृत्ति बनेको देखिन्छ।

***दोस्रो चरण (२०६६–२०७३)***

मणिराज सिंहको काव्ययात्राको दोस्रो चरण वि.सं. २०६६ सालदेखि सुरु हुन्छ। उनका पहिलो चरणका

कविताहरूभन्दा यस चरणका कविताहरू कवितात्मक तत्त्वका आधारमा कसिला देखिन्छन् । कवि सिंहको यो चरण समग्र काव्ययात्राकै उत्कृष्ट चरण हो । सिंहको काव्ययात्राको यस चरणमा राजधानी छिरेपछि (२०६६), तिम्रो सहरमा म (२०६७), ज्योतिका युगीन स्वरहरू (२०६७ संयुक्त), शब्दको चौतारीतिर फर्किएर (२०६९) र ओ चन्द्रमा (२०७१) गरी पाँचवटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । सिंहको कविता यात्राको यो चरण गुणात्मक र परिणात्मक दुवै दृष्टिले उच्च रहेको छ । यस चरणका कविता अघिल्ला चरणका कविताको तुलनामा परिष्कृत देखिन्छन् । यस चरणलाई सिंहको काव्ययात्राको उत्कर्ष मानिन्छ ।

कविको लेखनमा प्रवृतिगत परिवर्तन हुनु नै चरण परिवर्तनको मुख्य आधार हो । 'गोरखा – एक वृतचित्र' कवितामा कविले गोरखालाई रूपसी युवतीका रूपमा मानवीकरण गरेर गोरखाको इतिहास र सुन्दरताको वर्णन गरेका छन् । यसरी प्रकृतिलाई मानवीकरण गरेर प्रकृतिको चित्रण गर्नु सिंहको नौलो काव्य प्रवृत्ति हो । यस भन्दा अगाडिका कविताहरूमा यस्तो प्रवृत्ति पाइँदैन । जस्तै :

हिमालका गल्छेडाहरूबाट रसाउँदै उम्रेको
ददौदीको शीतल पानीमा डुबुल्की मार्दै गरेकी
एउटी रूपसी युवती हो – गोरखा ।
आस्थाले सिँगारिएका गुलाबी ओठहरूमा
छर्पष्ट मुस्कान छरेर
सपनाको देउरालीमा अलमस्त उघिरहेकी
सुन्दर, शान्त र सुकुमारी
वीरङ्गना हुन् – गोरखा ।
(राजधानी छिरेपछि, 'गोरखा –एक बृतचित्र': पृ.२३) ।

यसरी कविले गोरखालाई एउटी युवतीका रूपमा जीवन्त चित्रण गरेका छन् । गोरखालीको वीरताको सङ्केत गरेका छन् । गोरखाको सुन्दरताको बयान गरेका छन् । यसरी प्रकृतिलाई मानवीकरण गरी कविको प्रकृति चित्रण गर्ने नयाँ प्रवृत्ति 'गोरखा – एक बृतचित्र', 'स्वर्गकी परी हो नगरकोट' र 'भैँसेपाटी' जस्ता कविताहरूमा प्रयोग भएको देखिन्छ ।

सिंहले यस चरणका कवितामा आफ्नो बौद्धिकताको कुशल संयोजन पनि गरेका छन् । भाषाको कलात्मक प्रयोग गरेका छन् । धार्मिक, राजनीतिक, सामाजिक, प्राकृतिक जस्ता विविध विषयवस्तुको उठान गरेका छन् । आधुनिकताको गन्ध पनि सिंहका यस चरणका कवितामा भेटाइन्छ । यस चरणका कविताले अविधात्मक अर्थका साथै व्यङ्ग्यात्मक, प्रतीकात्मक हुँदै ध्वनिको तहसम्म पुर्याएका छन् । साथै यस चरणका कविताहरूको संरचना र सङ्गठन पक्ष पनि अघिल्लो चरणको तुलनामा कसिलो देखिन्छ ।

**मणिराज सिंहको काव्यप्रवृत्तिहरू**

मणिराज सिंहका हालसम्म प्रकाशित छ वटा कविता सङ्ग्रहका कविताहरूको अध्ययन गरी त्यसैका आधारमा उनका काव्यप्रवृत्तिहरूको निरूपण गरिएको छ । सिंहको समग्र काव्ययात्रा र कविताहरूको अध्ययन पश्चात कवितामा देखिएका प्रवृत्तिहरूलाई निम्नलिखित आधारमा अध्ययन गरिएको छ :

***देशप्रेम***

मणिराज सिंहका कवितारूमा राष्ट्रप्रतिको माया व्यक्त भएको पाइन्छ । सिंहले हाम्रो देशमा बढिरहेको वैदेशिक गतिविधिका साथै देशको सामाजिक, राजनीतिक, ऐतिहासिक, भौगोलिक आदि विविध विषयवस्तुमा आधारित धेरै कविताहरूको रचना गरेका छन् । कविताका माध्यमबाट देशप्रेम प्रस्तुत गर्दै एउटा असल नागरिक तथा सच्चा देशभक्त सपुतको कर्तव्य कविले पुरा गरेका छन् । सिंहका 'छोरी, इमान र सपना', 'देश खोज्दै हिँडिरहेको मेरो मन', 'नयाँ नेपाल बनाउने हैन?', 'पाहुनाद्वारा अतिक्रमित', 'मित्र देश कसैको पुख्र्यौली बिर्ता होइन', 'देश हराएको छ', 'बन्धकी', 'साबधान ! होहियार !', 'नयाँ दशगजा', 'प्रवासिएका मनसित' जस्ता कविताहरूमा देशको माया झल्केको देखिन्छ । आफ्नो जन्मभूमिप्रतिको अटुट आस्था र गाढा माया सिंहले आफ्ना कविता मार्फत प्रस्तुत गरेका छन् । हाम्रो देश नेपालको इतिहास, वैदेशिक हस्तक्षेप, अस्थिर राजनीतिक अवस्था, विभिन्न आन्दोलन र द्वन्द्वबाट जनताले भोग्नुपरेका दुःख कष्ट, सत्ताको चलखेल र लार्पबाही आदिसँग सम्बन्धित विषयवस्तुको चयन र प्रस्तुतिमा देशप्रेमको भावना झल्केको देखिन्छ । कविले वैदेशिक हस्तक्षेपको विरोध गर्दै देशप्रतिको माया यसरी व्यक्त गरेका छन्:

भएको सीमा उखेलेर
आफ्नै आँखा अगाडि छिमेकीले
आँगनमा रछयान ओछयाएपछि
स्मभिमानका उच्च पहाडहरू
भासिएझैँ लाग्छ मनभरि
चसक्क चस्केर दुख्छ मुटु ।
(राजधानी छिरेपछि, 'चस्केर दुख्छ मुट': पृ. ७५) ।

हाम्रो देशको सीमा करिब २०० वर्ष भन्दा अगाडिदेखि खुम्चँदै आएको छ र अहिले पनि सीमा स्तम्भहरू उखेलिने र हराउने क्रम जारी छ । यसरी आफ्नै आँखा अगाडि छिमेकीले हाम्रो स्वभिमान उखेलेको देख्दा आम नेपालीको जस्तै कविको मुटु दुखेको छ । यसरी कविले वैदेशिक हस्तक्षेपको विरोध गर्दै देशप्रतिको आफ्नो गहिरो माया यस कवितांशमा प्रस्तुत गरेका छन् । यसरी नै कविले हाम्रो देशको आन्तरिक मामिलामा हस्तक्षेप गरिरहने पाहुनाहरूलाई पाहुनाकै रूपमा रहन यसरी आग्रह गरेका छन् :

केही दिनदेखि
मेरो घरमा
केही पाहुना आएका छन्
कहिले दिनभरी सुतिरहन्छन्
कहिले दिनदिनै घुमिरहन्छन्
बेला कुबेला हाम्रो पारिवारिक मामिलामा
सल्लाह टक्रयाइरहन्छन् ।
(तिम्रो सहरमा म, 'पाहुनाद्वारा अतिक्रमित मेरो घर': पृ. ३६) ।

यसरी कविले देश चलाउन खोज्ने विदेशी पाहुनाहरूलाई हस्तक्षेप नगर्न सुझाव दिदैँ स्वविवेकले देश विकासमा लाग्न र आफ्नो घर आफैँ चलाउन अनुरोध गरेका छन् । यसरी यस कवितांशमा आत्मस्वभिमानको भावना जागृत भएको देखिन्छ । त्यसरी नै ऐतिहासिक विषयलाई उठाएर कविले सुगौली सन्धी घातक बनेको कुरा पनि प्रष्ट पारेका छन् :

नालापानी नभेटिएर संत्रस्त्र छ
मेरो मन, यो मेरो मन
मेचीपारी टिष्टासम्म तन्किन खोज्छ
कालापानी, अल्मोडा, गढवालसम्म फैलन खोज्छ
तिरहुत र गंगालाई समेट्न खोज्छ
सुगौली सन्धि च्यातेर जिन्दावाद गर्न खोज्छ
सानै भएपनि विशाल यो मेरो मन ।
(अक्षर, खुर्पा र खुकुरीहरू, 'देश खोज्दै...': पृ. २७) ।

प्रस्तुत कवितांशमा कविले हाम्रा पुर्खाको पौरख खोस्ने सुगौली सन्धिको विरोध गर्दै सुगौली सन्धि पूर्वको विशाल नेपालको कल्पना गरेका छन् । कविले हाम्रा पूर्खाको पौरख खोजेका छन् । हाम्रो देशको गौरवशाली इतिहासको चर्चा गरेका छन् । यसरी कविको राष्ट्रप्रतिको प्रेम यस कवितामा प्रस्तुत भएको देखिन्छ । त्यसरी नै देशको सुन्दर परिवेशको वर्णन गर्दै देशप्रति उत्तरदायी बन्न प्रेरित पनि गरिएको देखिन्छ :

प्यारी छोरी
सम्हालेर राख
इमान र सपना
यिनले तिम्रो आँखामा सलबलाइरहेको
हिमाल र मधेश
हृदयमा हाँसिरहेको छ
यो अखण्ड नेपाल ।
(शब्दको चौतारीतिर फर्किएर, 'छोरी, इमान र सपना': पृ. ६७)।

यस कवितांशमा कविले हिमाल, पहाड र तराईको सुन्दर परिवेशको वर्णन गर्दै छोरीलाई इमान र सपना सम्हालेर राख्न अनुरोध गरेका छन् । आँखामा नाचिरहने चाँदीजस्तो हिमालका कुरा गरेका छन्, अन्न उत्पादनको भण्डार मधेशको कुरा गरेका छन् साथै कविले अखण्ड नेपालमाका छोरा छोरीको इमान र खुशीको कुरा गरेका छन् । यसरी यस कवितामा 'छोरी' पात्रका माध्यमबाट सम्पूर्ण नेपाल आमाका छोराछोरीलाई आफ्नो देशप्रति उत्तरदायी बन्न प्रेरित गरिएको देखिन्छ । यसैगरी देशबाट लखेटिएर शरणार्थी जीवन जिउँदा आत्मस्वभिमान गुमेको तीतो यथार्थ प्रस्तुत गर्दै कविले आफ्नो देश नहुदाको पीडा यसरी प्रस्तुत गरेका छन् :

बालक, बृद्ध अनि युवारू सारा
भुटानी हुनुको पीडा खेपेर
आफूले टेकेको धर्ती नाघेर
निरीहताको प्रमाणपत्र बोकेर हृदयमा

आफ्नै स्वभिमान बन्धकमा राखेर
सात समुन्द्र उड्दै छौँ हामी ।
(राजधानी छिरेपछि, 'खोई हाम्रो देश?': पृ. ५१)

देश हराउँदा आफ्नो स्वभिमान पनि हराउँछ र निरीह जीवन जिउँन बाध्य हुनुपर्छ । भुटानी नागरिकले भोग्नु परेको पीडा प्रस्तुत गर्दै कविले देशको महत्त्व कति हुन्छ, आत्मस्वभिमान गुम्दा कस्तो हुन्छ भन्ने कुरा दर्शाउँदै देश हुनुको गौरव र नहुनुको पीडा व्यक्त गरिएको देखिन्छ । यसरी नै कवि आफ्नो देशको माटो, पहिचान र भाषा र संस्कृतिलाई प्राण भन्दा प्यारो ठान्दछन् :

नानी तिमी,
माटोकै अबिरले रङ्गिएर
चन्द्र, सूर्य अङ्कित झण्डा उचाल्दै
मधेश, पहाड र हिमाल समेट्दै
आफ्नै पछ्यौरिमा
जब आउँनेछौ...
(राजधानी छिरेपछि, 'एउटा पत्र छोरीलाई': पृ. २१) ।

प्रस्तुत कवितांशमा कविको आफू जस्तै आफ्नी प्यारी छोरी पनि आत्मस्वभिमानका साथ माटोप्रति समर्पित होस् भन्ने भाव व्यक्त भएको देखिन्छ । चन्द्र सूर्य अङ्कित नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय रङ्ग, हिमाल, पहाड र तराई सारा हाम्रै देशको परिवेशको चर्चा गरिएको यस कवितांशमा देशप्रतिको निस्वार्थ प्रेम प्रकट भएको देखिन्छ ।

यसरी कवि सिंहले आफ्नो देशप्रतिको माया आफ्ना कविता मार्फत व्यक्त गरेका छन् । राजनीतिक अवस्था, सामाजिक जनजीवन, भूगोल, इतिहास, वैदेशिक गतिविधि आदि विभिन्न विषयवस्तुको माध्यमबाट कविताहरूमा देशप्रेमको भावना प्रस्तुत भएको देखिन्छ । देश भनेको मुटु हो हामीले मुटु दुःखाउनु हुन्न, मुटुलाई जस्तै माया देशलाई पनि गर्नु पर्छ, हामी सबै नेपाली मिले हाम्रो देश स्वर्ग बन्छ भन्ने चिन्तन सिंहका कविताहरूमा आएको छ । यसर्थ देशप्रेम मणिराज सिंहको मूल काव्य प्रवृत्ति बनेको देखिन्छ ।

***दार्शनिक चिन्तन***

मणिराज सिंहका केही कविताहरूमा पूर्वीय दर्शनलाई मुख्य विषयवस्तु बनाइएको देखिन्छ । कविताका माध्यमबाट कविहरूले आफ्नो वैयक्तिक चिन्तनका साथै दार्शनिक बिचार पनि प्रकट गर्दछन् । दर्शनलाई पूर्व र पश्चिम दुवै तिर आ–आफ्नै दृष्टिकोणले हेरिएको पाइन्छ । पूर्वीय दर्शन भने अध्यात्मवादतर्फ झुकेको देखिन्छ । पूर्वीय षड्दर्शनमा जीवन, जगत्, आत्मा, माया, मोक्ष आदि सम्बन्धि गहन चिन्तन गरिएको पाइन्छ । सिंहका कविताहरूमा पनि पूर्वीय दर्शनको प्रभाव देखिन्छ :

अन्तिम युद्ध जित्ने हो भने
उपकार गर दीन दुःखीको
स्वार्थवश झुक्याएर अरूलाई

अरूको कुभलो चिताउनेहरू
मेरा मित्र अवश्य हैनन् ।
(अक्षर, खुर्पार खुकुरीहरू, 'दुई थोपा आँसु र एक मुट्ठी हाँसो': पृ. १५) ।

प्रस्तुत कवितांशमा अन्तिम युद्ध जित्नु भनेको पूर्वीय दर्शन अनुसार आत्माले मोक्ष प्राप्त गर्नु अथवा स्वर्ग जानु हो । स्वर्ग जान तथा अन्तिम युद्ध जित्न दीन दुःखीको सेवा गर्नु पर्छ तथा फलको आशा नगरी कर्म गर्नुपर्छ भन्ने मान्यता पूर्वीय दर्शनको छ । यसकारण यस कवितामा सिंहको दार्शनिक चिन्तन प्रस्तुत भएको देखिन्छ । यसरी नै सिंहका कवितामा पूर्वीय दर्शनसँग सम्बन्धित ईश्वर र आत्माको कुरा पनि आएको देखिन्छ :

मेरो ईश्वर
म र मेरो चाहनाभन्दा बेग्लै
एकदम पृथक
सुख–दुःखभन्दा पर
शून्यमा शून्यसरी निश्वार्थ भावले
आत्मीय भएका छन् सबैका ।
(अक्षर, खुर्पार खुकुरीहरू, 'म मेरो मन र मेरो ईश्वर': पृ. १४) ।

यस कविताशंमा कविले ईश्वर र आत्मा सम्बन्धी चिन्तन गरेका छन्, त्यस्तै सुख–दुःख भन्दा परको कुरा गरेका छन्, शून्यमा हराएका छन् । यस्ता पूर्वीय दर्शनका विशेषताहरू सिंहका कवितामा समेटिएका देखिन्छन् । यसरी नै सिंहले प्रसिद्ध पूर्वीय दार्शनिक गौतब बुद्ध र भारतीय अहिंसावादी दार्शनिक महात्मा गान्धीको पनि कुरा कोट्याएका छन् :

बुद्धको कुरा
गान्धीको कुरा भइरहेको बेला
झिनामसिना कुरामा अल्झेर
आस्थाको आँगनमा
विभेदको आगो नझोस्न
खबरदारी गरिरहेछु म ।
(राजधानी छिरेपछि, 'खबरदार': पृ. १५) ।

प्रस्तुत कवितांशमा हामी बुद्ध र गान्धीको मार्गमा लाग्नुपर्छ, कसैले कसैलाई विभेद गर्नु हुन्न र हामी सबै मानव उस्तै हौँ त्यसैले एकअर्कामा मानवीय व्यवहार गरौँ भन्ने मानवतावादी दर्शन प्रस्तुत भएको देखिन्छ । यसरी नै हाम्रो जीवन नासवान छ, यो कुनै पनि पलमा माटोमा मिल्न सक्छ भन्ने कुरा पनि कवितामा आएको देखिन्छ :

म,
फगत एउटा पात
म अस्तित्वहीन लाससरि
माटोमा माटोसरि बिलाएँ ।
(अक्षर, खुर्पार खुकुरीहरू, 'म, पात र माटो': पृ. २०) ।

प्रस्तुत कवितांशमा कविले जीवनलाई एउटा रुखको पातसँग तुलना गरेका छन् । जसरी रुखमा छउन्जेल पातको अस्तित्व रहन्छ र रुखबाट झरेपछि माटोमा बिलाउँछ त्यस्तै यो मानव जीवन पनि प्राण रहुन्जेल मात्र हो त्यसपछि त माटोमै बिलाउँछ । त्यसकारण रुखको पातले जसरी हरियाली बनाउँछ, जीवजन्तुको प्राण रक्षा गर्छ त्यसरी नै हामीले पनि हाम्रो जीवन रहेसम्म परोपकारमा लाग्नुपर्छ भन्ने दार्शनिक चिन्तन यस कवितामा प्रस्तुत भएको देखिन्छ ।

यसरी मणिराज सिंहका कविताहरूमा दार्शनिक र मानवतावादी चिन्तन प्रस्तुत भएको देखिन्छ । मान्छेले मरेर केही लादैन जस्तो आयो त्यस्तै नाङ्गो शरीर लिएर जाने हो । त्यसकारण जीवन छउन्जेल यही जगत्मा लोकको हितमा लाग्नुपर्छ र जीवनलाई बुझ्नुपर्छ भन्ने दार्शनिक चिन्तन सिंहका कविताहरूमा पाइन्छ ।

***प्रकृति चित्रण***

सिंहका कविताहरूमा हाम्रो देश नेपालको सुन्दर प्राकृतिक परिवेशको कलात्मक वर्णन गरिएको छ । हाम्रो देश नेपाल नै प्रकृतिको एक अमूल्य उपहार हो । यहाँका हिमाल, पहाड, तराई, डाँडा पाखा, वनजङ्गल, खोलानाला सबै मनमोहन छन् । सर्वसाधारण मानिसलाई नै कवि बनाउने खालका हाम्रा प्राकृतिक सौन्दर्यको चित्रण मणिराजका कवितामा पनि प्रशस्तै पाइन्छ । कविले गोरखा जिल्लाको प्राकृतिक सुन्दरताको वर्णन यसरी गरेका छन् :

हिमालका गल्छेडाहरूबाट रसाउँदै उम्रेको
ददौदीको शीतल पानीमा डुबुल्की मार्दै गरेकी
एउटी रूपसी युवती हो – गोरखा ।
आस्थाले सिँगारिएका गुलाबी ओठहरूमा
छर्पष्ट मुस्कान छरेर
सपनाको देउरालीमा अलमस्त उघिरहेकी
सुन्दर, शान्त र सुकुमारी
वीरङ्गना हुन् – गोरखा ।
(राजधानी छिरेपछि, ‘गोरखा –एक बृतचित्र’: पृ. २२)।

यसरी कविले गोरखालाई एक युवतीको रूपमा मानवीकरण गरी गोरखाको सुन्दरताको चित्रण गरेका छन् । त्यस्तै कविले नगरकोटको प्राकृतिक सुन्दरताको चित्रण यसरी गरेका छन् :

जुगल हिमालको स्निग्ध छहारीमा
अन्धकार विरोधी सूर्य बनेर
भक्तपुरतिर नियाल्दै
हरदम मुस्कुराइरहेछ
स्वर्गकी परीझैँ वैँशालु नगरकोट ।
(शब्दको चौतारीतिर फर्केर, ‘स्वर्गकी परी...’: पृ.३३) ।

यस कवितांशमा कविले नगरकोटलाई स्वर्गकी वैँशालु परी भनेका छन् । कविले नगरकोटलाई मानवीकरण गरेर परीको रूपमा चित्रण गरेका छन् । कवि नगरकोटको डाँडामा पुगेर भक्तपुरतिरको सौन्दर्य नियाल्न पाउँदा, जुगल

हिमाल ढल्केको देख्दा लठ्ठ भएका छन् अनि नगरकोटलाई स्वर्गकी परीको उपमा दिँदै प्राकृतिक सुन्दरताको बयान गरेका छन्। यसरी प्रकृतिको सुन्दरताको चित्रण सिंहका कविताहरूमा पाइन्छ। यसरी नै कविले भैँसेपाटीको प्राकृतिक सुन्दरताको पनि चित्रण गरेका छन् :

चिसो शीतल हावामा
मिठो सुवास भर्दै
आफूआफैँ मस्कीमस्की
ब्वायफ्रेन्ड पर्खिरहेकी
नवयौवना हो
भैँसेपाटी।
(तिम्रो सहरमा म, 'भैँसेपाटी': पृ. २५)।

यस कवितांशमा सिंहले भैँसेपाटीलाई पनि आफ्नो प्रेमी पर्खिरहेकी नवयौवना भनेर लहलहाउँदो युवतीको यौवन अथवा भैँसेपाटीको सुन्दरताको चित्रण गरेका छन्। हाम्रो देश नेपाल एक कृषिप्रधान देश भएको हुनाले यहाँका पाखा, पखेरा र खेतबारीमा बेग्लै रौनक छाएको हुन्छ। कविले कुहिरो भित्र पनि प्रकृतिको यस्तो सुन्दर रूप देखेका छन् :

हिलाम्मे खेतहरू
बारीका कान्लाहरू
रहर लाग्दो प्रकृति
मैनसरी तपतप
चुहिएला कि जस्तो
कुहिरो भित्रको आकृति।
(ओ चन्द्रमा, 'कुहिरो भित्रको आकृति' : पृ. ९८)।

यहाँ नयाँ सृष्टिको बीजारोपण गर्ने हिलाम्मे खेतहरू र लहलह बाली झुल्ने र घाँसहरू फूल्ने बारीका कान्लाहरूको रहरलाग्दो प्राकृतिक सौन्दर्यको चर्चा गरिएको छ। कुहिरो भित्र पनि नहराउने मैनजस्तै चम्किरहने हाम्रो देशको सुन्दर प्रकृतिक परिवेशको चित्रण गरिएको छ। यसरी प्रकृतिको तनमय र मनमय चित्रण गर्दै हाम्रो देश नेपालको लोभलाग्दो परिवेशको वर्णन सिंहका कविताहरूमा गरिएको देखिन्छ।

***राजनीतिक चिन्तन***

मणिराज सिंहले राजनीतिलाई पनि विषयवस्तु बनाएर कविता रचना गरेका छन्। राजनीति समाज र जीवनमा प्रत्यक्ष जोडिएको विषय भएकाले पनि कविताको विषयवस्तु बन्ने गरेको देखिन्छ। अस्थिर राजनीतिले देशको भविष्यलाई नै अन्योल बनाउँदछ। राजनीतिको नाममा भइरहेको आतङ्कलाई कविले यसरी प्रस्तुत गरेका छन् :

आमसभा र बन्द बजारबीच
हत्या, आतङ्क र गोलीकाण्ड
शान्ति, जुलुस र मसाल जुलुसबीच
ढुङ्गामुढा, धरपकड र आत्मबलिदानी शङ्खनाद

यो आक्रोश, अव्यवस्था र पागलपन।
(अक्षर, खुर्पा र खुकुरीहरू, 'खै के भनूँ कसलाई?': पृ. ७)।

प्रस्तुत कवितांशले राजनीतिको नाममा भइरहेका उदण्डलाई देखाएको छ। नेताहरू आफ्नो स्वार्थमा लागेर सत्ता र शक्तिको लागि बन्द, हड्ताल, आमसभा गर्छन्, जनताको आँखामा छारो हाल्छन्, जुलुस निकाल्छन् र जनतालाई दुःख दिन्छन्। त्यस्तै संसद भवनमा छिरेर बाँदर नाच देखाउने आचरणहिन नेताहरूलाई कविले यसरी सचेत गराएका छन् :

आफन्तहरूबीच कुर्लि–कुर्लि संसार थर्काउँछौ
ढोका–ढोका धाएर ढोग भेट गर्छौ र पनि
बाँदर नाच देखाएर आफ्नै बेइज्जत गर्छौ
देश कसैको पुर्ख्यौली बिर्ता होइन।
(राजधानी छिरेपछि, 'मित्र देश कसैको...': पृ. २४)।

नेताहरू जनताको सामु विकासका सपना देखाएर उफ्रि–उफ्रि भाषण ठोक्छन्। भोट माग्नकालागि बिरालो जस्तो बनेर लुसुलुसु जनताको ढोकामा गएर हात पनि जोड्छन्। जनताको साथले जब चुनाव जितेर माथि पुग्छन् अनि पछाडि फर्केर हेर्दैनन्। देशलाई आफ्नो बाबुको विर्ता र आफूलाई एक्लो छोरा ठानेर बाँदर नाच देखाउँछन्। यस्ता नेताहरूलाई कविले खबरदारी गरेका छन्। यसरी नै अस्थिर राजनीतिले समाज परिवर्तन र देश विकास गर्न नसकेको कुरा कवि यसरी पोख्छन् :

इतिहास बोकेर छातीमा
आन्दोलनमाथि आन्दोलन सहेर
टुँडिखेल उँघिरहेछ
भाषण सुनिरहेछ
उस्तै आवाज
उस्तै बिचार।
(तिम्रो सहरमा म, 'लामखुट्टेहरूको जमघट': पृ. ३८)।

परिवर्तनका नाममा भइरहने आन्दोलनमा भाषण र विचार भने उस्तै र पुराना छन्। यस्ता भाषण र विचारले उन्नति र विकास हुदैन यसका लागि समयअनुसार राजनीतिमा पनि परिवर्तन हुनुपर्छ भन्ने राजनीतिक चिन्तन प्रस्तुत कवितामा पाइन्छ। यसरी नै कविले हामीले चुनेर पठाएको नेताले देश र जनताको हितमा काम किन नगरेको के भयो तिमीलाई भनेर प्रश्न गरेका छन् :

मालिक
हामीले हजुरलाई
रोजेर पठाएको
आमाको मुहार हँसिलो बनाई
अन्याय र अन्यौलको अन्त्यका लागि

तर मालिक
हजुरलाई के भयो ?
(शब्दको चौतारीतिर फर्किएर, 'मालिक...?': पृ. ४७)।

यस कवितांशमा अन्याय र अत्याचारको अन्त्य गरी देशको विकास गर्न रोजेर पठाएको नेताले राम्रो काम नगरेकोमा चिन्ता व्यक्त गर्दै कविले नेतालाई के कारणले यसो गर्दैछौ जनतालाई जवाफ देऊ भनेर भनेका छन्। यसरी देशको अस्थिर राजनीतिक अवस्था, राजनीतिको नाममा भैरहेका अनैतिक गतिविधिहरू, आन्दोलन, बन्द हड्ताल आदिको चित्रण गदै अब देशको विकासमा लाग्नुपर्छ भन्ने राजनीतिक चिन्तन सिंहका कविताहरूमा प्रस्तुत भएको देखिन्छ।

***व्यङ्ग्यात्मक प्रस्तुति***

देशको समसामयिक समस्या, अस्थिर राजनीति, खस्कदो मानवीय मूल्य, मान्यता र संस्कृति आदिप्रति कटु व्यङ्ग्य प्रहार गरेर सिंहले धेरै कविताहरू लेखेका छन्। नेपालको संस्कृति बन्दै गएको लाइन प्रणालीको चित्रण गर्दै कविले देशको व्यवस्तालाई नै प्रहार गरेका छन्। जता जुन कामको लागि पनि घन्टौंसम्म लाइन बस्नै पर्ने जनताको बाध्यतालाई प्रस्तुत गर्दै सरकारको लापरवाहीलाई उनले यसरी प्रहार गरेका छन्:

कहिले पेट्रोलको लाइन त
कहिले मट्टितेलको लाइन
ग्याँसको लाइन बेग्लै
विजुलीको लाइन बेग्लै
टेलिफोनको लाइन, चामलको लाइन
लाइनहरूको लाइन।
(शब्दको चौतारीतिर फर्केर, 'लाइन': पृ. ५१)।

प्रस्तुत कवितांशमा आम नेपालीको दैनिकीका रूपमा विकास हुँदै गएको लाइनको संस्कार देखाई कविले देशको निरीह अवस्थाप्रति व्यङ्ग्य गरेका छन्। सत्तामा बसेर भत्ता मात्र खाने तर काम नगर्नेहरूलाई यस कविताले गतिलो झापड हानेको छ। यसरी नै कविले छोराको माध्यमबाट देशका कपुत छोराहरूलाई, आन्दोलनकारीहरूलाई तथा भँडुवाहरूलाई पनि प्रहार गरेका छन् :

मेरो छोरो
किन यस्तो
सब थोक हसुरेर
खल्ती भर्छु भन्छ
सोझा साझालाई ठोकेर
तह लाउँछु भन्छ।
कोट्याएर घाउहरू
मलम पनि दल्छ
पुर्खाका स्तम्भहरू जति

भत्काई दिन्छु पो भन्छ ।
(ओ चन्द्रमा, 'मेरो छोरो': पृ. ४८) ।

प्रस्तुत कवितांशमा देशलाई टुक्राउन खोज्ने, पूर्खाको संस्कारलाई लत्याएर आधुनिक बन्न खोज्ने, खाटो बसेको घाउ कोट्याएर मलाम लाएजस्तो गर्ने, जाली, झेली नेता, जनता तथा छोराछोरीहरू सबैमाथि यस कविताले चोटिलो व्यङ्ग्य प्रहार गरिएको देखिन्छ । यसरी नै कविले यौवनमा रूपको घमण्ड गर्नेहरूलाई पनि प्रहार गरेका छन् :

फूल तिमी
सुन्दरताको आडम्बर नगर
समयबद्ध स्वभाविक उन्मादले
स्खलित तिम्रो माधकता
ओइलिएर लत्रन्छ भूँइमा ।
(राजधानी छिरेपछि, 'फूलसँग': पृ. ४२) ।

प्रस्तुत कवितांशमा यौवन, बल र वैशको तडकभडक देखाउनेहरूलाई कविले तिम्रो जोवन त्यो फूल जस्तै हो केहिबेरमा ऐलाएर झर्छ भन्दै वैशको अहमप्रति गतिलो प्रहार गरेका छन् । यसरी सिंहका कविताहरूमा मिठो श्याम व्यङ्ग्य प्रस्तुत भएको देखिन्छ । राज्यव्यवस्था देखि लिएर सर्वसाधारण मानिसको जीवनशैली, राजनीति, सङ्कुचित मानसिकता आदिप्रति सिंहका कविताहरूले निरन्तर खबरदारी गरिरहेका देखिन्छन् ।

***श्रृङ्गारिकता***

मणिराज सिंहका कविताहरूमा मायाप्रेम, मिलनबिछोड र रतीरागयुक्त श्रृङ्गारिक भाव पनि व्यक्त भएको देखिन्छ । माया र प्रेमको बन्धनबाट कोही पनि टाढा रहन सक्दैन । देशको माया, परिवारको माया, आफन्तको माया, श्रीमतीको माया, प्रेमिकाको माया, सन्ततीको माया आदि मान्छेलाई अल्झाउने मायाका पाटाहरू हुन् । यस्तो मायामा जो कोही पनि अल्झेको हुन्छ । सिंहका केही कविताहरू प्रेमप्रणय र समर्पणमा पनि आधारित छन् । उनले प्रेमप्रणय र समर्पणलाई मुख्य विषय बनाएर 'झिसमिसेमा अचानक तिमीलाई देखेँ', 'परिवर्तन', 'सम्झना', 'चन्द्रमा', 'निष्ठूरी', 'सम्झनाका तरेली', 'समय र तिमी', जस्ता कविताहरूको रचना गरेका छन् । झिसमिसेमा अचानक मायालुलाई भेट्दा कवि प्रेमिकाको सौन्दर्यमा यसरी पौडिएका छन् :

झिसमिसेमा अचानक
तिमीलाई देखेँ
चुपचाप एकपटक
तिम्रो सौन्दर्यको गहिरो पोखरीमा
पौडिरहे म ।
(शब्दको चौलारीतिर फर्किएर, 'झिसमिसेमा...': पृ. २२) ।

प्रस्तुत कवितांशमा कवि झिसमिसेमा यानिकि हल्का अँध्यारो–अँध्यारोमा प्रेमिकाको सौन्दर्यको गहिरो पोखरीमा मज्जाले पौडेका छन् । यसरी नै अँधेरी रातमा कवि वर्षादको पानी सरी प्रेमिकाको काखमा वर्षिन पनि भ्याएका छन् :

अँधेरी रातहरूमा
प्रिय, तिम्रो त्यो रूझेको मन
जसको थोपा–थोपा तरलतामा
तपतप तप्किरहन्छु
जसरी वर्षातमा
झरी बर्सन्छ
धरतीको न्यानो काखमा
र पग्लन्छ, बिलाउँछ
पानी–पानी भएर
आफैँमा हराउँदै ।
(तिम्रो सहरमा म, 'प्रिय मलाई बाँच्न देऊ': पृ. ६४) ।

यस कवितांशमा कवि अँधेरी रातमा प्रेमिकाको काखमा पग्लेर बिलाएका छन्, वर्षातमा यौवनको गहिरो महासागरमा डुबेर हराएका छन् । यसरी कवितामा श्रृङ्गारिक भाव व्यक्त भएको देखिन्छ । त्यसरी नै कवि प्रेमिका निष्ठूरी बन्दै गएको गुनासो कवितामा यसरी पोख्छन् :

बाटो ढुकेर
सुटुक्क फ्याँकेको
प्रेमपत्रका पानाहरू
देखे पनि नदेखेझैँ
कुल्चेर
बाटो छल्दै
फटाफट हिड्यौ
निष्ठूरी
(ओ चन्द्रमा, 'निष्ठूरी': पृ. ७३) ।

यस कवितांशमा प्रेमिकाले कविको प्रेम अस्वीकार गरेर तिरस्कार गरेको देखिन्छ तर पनि कवि उनीलाई प्रेम पत्र दिँदैछन्, उनीलाई खुसीपारेर आफ्नो बनाउने कोशिस गर्दैछन् । उता प्रेमिका भने देखे पनि नदेखेझैँ गरेर प्रेम अस्वीकार गर्दैछिन् । यसरी यस कवितांशमा प्रेमिका टाढा हुँदैगरेको अवस्थामा विप्रलम्ब श्रृङ्गार रसयुक्त भावना व्यक्त भएको देखिन्छ । यसरी समग्रमा सिंहका केही कविताहरूमा श्रृङ्गारिकता पनि झल्केको देखिन्छ ।

## निष्कर्ष

वि.सं. २०२८ सालदेखि औपचारिक रूपमा नेपाली कविताको क्षेत्रमा देखापरेका सिंहले कविताको माध्यमबाट आफ्नो देशप्रतिको माया प्रस्तुत गर्दै सुन्दर, शान्त, समृद्ध र कलात्मक नेपालको कल्पना गरेका छन् । उनका कविताहरू आफ्नो निजी स्वार्थभन्दा पर लोककल्याणमा बढी लागिपरेका देखिन्छन् । देशमा चलिरहेको राजनीतिको फोहोरी संस्कारलाई ढालेर स्थिर र इमान्दार नेतृत्व आएर देशको विकास गरोस् भन्ने भावना उनका कविताहरूमा व्यक्त भएको

छ । मायाप्रेम र सुन्दरताको पनि खुलेर चित्रण गर्ने सिंहका कविताहरूमा जीवनलाई सार्थक बनाउन चोखो माया, विश्वास र इमान्दारिता हुनुपर्छ भन्ने भाव व्यक्त भएको पाइन्छ ।

सिंहका कविताहरूमा प्रकृतिलाई मानवीकरण गरेर प्रकृतिको सुन्दर रूपको चित्रण गरिएको देखिन्छ । गोरखा र नगरकोट जस्ता सुन्दर स्थानहरूका साथै चन्द्रमालाई समेत कविले युवती बनाएर सुन्दरताको वर्णन गरेका छन् । कवितामा दार्शनिक चिन्तन पनि प्रस्तुत भएको छ । राजनीतिक चेतना प्रस्तुत गरिएका कविताहरू पनि रहेका देखिन्छन् । यसरी नै माया प्रेम, मिलन बिछोड र रतिरागयुक्त भावनामा आधारित कविताहरू पनि रहेका छन् । यसै गरी खराब चरित्र भएका नेता जनता देखि लिएर राज्यको अवैज्ञानिक र अव्यवस्थित व्यवस्थाप्रति व्यङ्ग्य र विरोध गर्न पनि भ्याएका छन् । वैदेशिक हस्तक्षेप, प्रभाव र सीमा अतिक्रमणको पनि खुलेर विरोध गरिएको छ । राष्ट्रियताको सवालमा कविताहरू दशगजामा गएर खम्बा बनेका छन् भने हरेक नेपालीको मनमा राष्ट्रिय स्वाभिमानको भाव पैदा गर्न पनि तम्सिएका छन् । भ्रष्टाचार, अन्याय र अत्याचारको खुलेर विरोध गर्दै कविताहरूले स्वतन्त्र, सक्षम, आत्मनिर्भर र पराक्रमी बन्न प्रेरित गरेका छन् । कविताको संरचनात्मक पक्षलाई हेर्दा मूलभाव, सहभागी, परिवेश, उद्देश्य, भाषाशैलीय विन्यास आदिको स्थिति पनि मजबुत देखिन्छ । प्रतीकात्मक अर्थयुक्त शब्द प्रयोग, आलङ्कारिक भाषा आदिका कारणले त्यसभित्र ध्वनित हुने व्यङ्ग्यात्मक अर्थ गहन र महत्त्वपूर्ण देखिएको छ ।

समग्रमा मणिराज सिंहका कविता कृतिहरूमा देशप्रेम, दार्शनिक चिन्तन, राजनीतिक चिन्तन, प्रकृति चित्रण, व्यङ्ग्यात्मक प्रस्तुति, शृङ्गारिकता आदि प्रवृत्तिहरू देखिएका छन् । देशभित्र र बाहिरबाट भइरहेका विभिन्न गतिविधिहरू यिनका कवितामा प्रस्तुत भएका छन् । राम्रा र नराम्रा कुराहरूको चित्रण गर्दै नराम्रो पक्षलाई त्यागेर राम्रो पक्षमा लाग्नु पर्छ भन्ने उपदेशात्मक भाव पनि सिंहका कविताहरूमा व्यक्त भएको छ । विभिन्न मोडहरू पार गर्दै समसामयिक कालखण्डमा नेपाली कविताको क्षेत्रमा निरन्तर क्रियाशील मणिराज सिंहको कवित्व प्रौढ बनेको देखिन्छ । उनी सशक्त र अग्रपङ्क्तिका कविका रूपमा स्थापित भएका छन् । यसरी मणिराज सिंह कविताका माध्यमबाट गाउँ, सहर, देशविदेश, राजनीति, धर्म, दर्शन, प्रेमप्रणय र समसामयिक विषय तथा विभिन्न परिवेशको चित्रण गर्दै सुन्दर, शान्त र समृद्ध समाजका साथै राष्ट्र निर्माणमा पनि सशक्त रूपले लागिपरेका देखिन्छन् ।

## सन्दर्भ सामग्री

सिंह, मणिराज. (२०६५). अक्षर, खुर्पा र खुकुरीहरू. ज्योति साहित्यिक प्रतिष्ठान.

सिंह, मणिराज. (२०६६). राजधानी छिरेपछि. ज्योति साहित्यिक प्रतिष्ठान.

सिंह, मणिराज. (२०६७). तिम्रो शहरमा म. ज्योति साहित्यिक प्रतिष्ठान.

सिंह, मणिराज. (२०६७). ज्योतिका युगीन स्वरहरू(संयुक्त). ज्योति साहित्यिक प्रतिष्ठान.

सिंह, मणिराज. (२०६८). शब्दको चौतारीतिर फर्किएर. ज्योति साहित्यिक प्रतिष्ठान.

सिंह, मणिराज. (२०७१). ओ चन्द्रमा. काठमाडौंः शब्दार्थ प्रकाशन.

शर्मा, तर्कना, "ओ चन्द्रमा ! सङ्ग्रहका कविताको प्रवृत्तिगत विश्लेषण". *समष्टि द्वैमासिक* (वर्ष ३५, अङ्क ९४, २०७१, मङ्सिर–पुस) पृ.२९.